नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

## प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

छलफल तथा निर्णयहरु :-

क. छिमेकी जिल्लाहरुमा कोभिड-१९ को संक्रमण बढ्दै गइरहेको र यस जिल्लामा पनि संक्रमण फैलन सम्भावनालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तत्काल थप सतर्कता अपनाउनुका साथै नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई कडाईका साथ पालना गर्ने गराउने सन्दर्भमा मिति २०७७/०५/०१ गते बिहान ५:०० बजे देखि मिति २०७७/०५/०७ गते राती १२ बजेसम्मका लागि सिन्धुपाल्चोक जिल्ला भित्र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम गतिविधिहरु गर्न निषेध गर्ने गरी आदेश जारी गर्ने र सो को सूचना जारी गर्ने निर्णय गरियो ।

१. अत्यावश्यकीय काममा बाहेक घर बाहिर निस्कन र हिंडडुल गर्न पाईने छैन ।

२. मालबाहक ढुवानीका साधन, दमकल, एम्बुलेन्स, शवबाहन, तरकारी, फलफूल तथा दुध ढुवानीका लागि प्रयोग भएका सवारी साधन, पशुपंक्षीको दाना बोक्ने सवारी साधन, इन्धन ढुवानीको लागि प्रयोग हुने ट्याङ्कर, निर्माण सामाग्री ढुवानी गर्ने साधन, सुरक्षाकर्मी तथा संचारकर्मीले प्रयोग गर्ने सवारी साधन र अत्यावश्यक कार्यका लागि प्रयोग हुने सवारी साधन बाहेक अन्य सबै प्रकारका निजी तथा सार्वजनिक सवारी साधन संचालन गर्न पाईने छैन ।

३. आधारभूत खाद्य सामाग्री पसल, तरकारी पसल, दुध डेरी, पेट्रोल पम्प, ग्याँस डिपो, औषधि पसल र निर्माण सामाग्री पसलहरु बाहेक अन्य सम्पूर्ण पसलहरु संचालन गर्न पाईने छैन ।

४. सरकारी,. गैरसरकारी कार्यालयहरुबाट अत्यावश्यक सेवा मात्र प्रदान गर्ने, बैंक तथा वित्तिय संस्थाहरु एवं सहकारीहरु दिनको ११ बजे देखि २ बजेसम्म मात्र संचालन गर्ने ।

५. देहायका कार्यहरु संचालन गर्न पाईने छैन:

- होटल तथा रेष्टुरेण्ट (तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेकअवे) मात्र) सञ्चालन गर्न पाउने ।
- शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर , तालिम केन्द्र)
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार
- सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन
- सिनेमा हल, पार्टीप्यालेस, डान्सबार लगायतका मनोरञ्जनस्थल
- सैलुन, ब्युटीपार्लर तथा स्पा
- स्विमिङपुल, जिमखाना लगायत हेल्थक्लव
- समुहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति
- पुस्तकालय, संग्रहालय र चिडियाखाना

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८



६. अत्यावश्य सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति सम्बन्धी कार्यविधी, २०७६ बमोजिम जिल्ला प्रशासन कार्यालयबाट सवारी पास जारी गरिनेछ ।

७. नेपाल सरकारले जारी गरेको जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण पालना गरी उद्योग र निर्माण सम्बन्धी कार्य संचालन गर्न सकिनेछ । त्यसको लागि निश्चित स्थानमा क्वारेण्टिनको व्यवस्था गरी बाहिर आवतजावत नगर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

८. अत्यावश्यक सेवा प्रदान गर्दा निर्धारित स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

९. नजिकिदै आईरहेको औंसि तिज लगायतका अन्य चाडपर्वहरु बाहिर भिडभाडमा नगई पारिवारीक रुपमा मात्र सामाजिक दुरी कायम गरी मनाउनु पर्नेछ ।

ख. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३७९ मिति २०७७/०४/२८ को पत्रानुसार कोभिड-१९ को संक्रमण काठमाडौं लगायतका जिल्लाहरुमा तीव्ररुपमा फैलिरहेको र हाल लकडाउन खुकुलो बनाइएको परिस्थितीमा यस जिल्लामा पनि संक्रमण फैलिने सम्भावनालाई विचार गरी मिति २०७७/०४/२८ गते बसेको बैठकबाट भएको निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन देहाय अनुसार जिल्लास्तरीय अनुगमन टोली गठन गरी प्रभावकारी रुपमा अनुगमन गरी सो को साप्ताहिक कार्यप्रगति विवरण गृह मन्त्रालयमा पठाउने र सो कार्यको जिम्मा यस कार्यालयका प्रशासकीय अधिकृत श्री रामकृष्ण घिमिरेलाई दिने ।

<u>जिल्लास्तरीय अनुगमन टोली:</u>

| | |
|---|---|
| स.प्र.जि.अ.श्री बाबुराम खनाल, जिल्ला प्रशासन कार्यालय, सिं.पा.- | संयोजक |
| प्र.ना.उ.श्री माधव प्रसाद काफ्ले, जिल्ला प्रहरी कार्यालय सिं.पा.- | सदस्य |
| व.ज.स्वा.अ.श्री दुर्गादत्त चापागाई,स्वास्थ्य कार्यालय, सिं.पा.- | सदस्य |
| स.प्र.नि.श्री निरक शाही, सशस्त्र प्रहरी बल नेपाल, सिं.पा.- | सदस्य |
| डि.ई.श्री राजु श्रेष्ठ, पूर्वाधार विकास कार्यालय, सिं.पा.- | सदस्य |

ग. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ४०६ मिति २०७७/०४/२९ को पत्र बमोजिम सवारी पास वितरणलाई थप व्यवस्थित गर्ने ।

मिति: २०७७/०४/३१

२०७७.०४.३१
सुनिता पहरी
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

## प्रेस विज्ञप्ति

आज मिति २०७७/०४/३१ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेकोको जिल्ला विपद् व्यवस्थापन समिति, कमाण्ड पोष्टको बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

छलफल तथा निर्णयहरुः-

१. विगत २०७२ सालको भूकम्पको कारणले जोखिममा रहेको जुगल गाउँपालिका वडा नं. २ को लिदिमा गत शुक्रबार विहान पहिरो जादाँ ३७ परिवारका घरमा क्षति भई ३९ जना बेपत्ता भएका थिए । वर्षातका कारण ठाउँठाउँमा धाँजा फाट्दा साविकको गोल्चे गा.वि.स. वडा नं. १, २, ३, ४ र ५ का नाम्फा, सत्र गाउँ, लिदी, झिल्के, निम्लुङ, बैगाउँ टोल लगायतका बस्ती अहिले पनि जोखिमा रहेको हुँदा सो जोखिमपूर्ण वस्तीको अध्ययन र पहिचान गरी रोकथाम वा बस्ती स्थानान्तरण के गर्न आवश्यक देखिन्छ सो को विस्तृत अध्ययन गरी आवश्यक कार्य अगाडि बडाईदिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, काठमाडौं समक्ष आग्रह गर्ने निर्णय गरियो । साथै सो को आवश्यक पहल गरिदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, वागमती प्रदेश मुख्यमन्त्रीको कार्यालय, र प्रदेश विपद् व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने निर्णय भयो ।

२. विगत २०७२ सालको भूकम्पको कारणले जोखिममा रहेको बाह्रविसे नगरपालिका वडा नं. ५ को सिगाचे, कसेरी, बुकाम, खोराड, कुखुरे कलेरी वडा नं. ६ को सोताङ, मान्द्रा, गाती, डाँडाकटेरी वडा नं. ७ को हुन्डुङ, आरुचे, भिरखर्क वडा नं. ८ को नेपाल गाउँ, खरिबोटे, काउले सिलामबारी वडा नं. ३ को थलाडाँडा, काङस्याङ, निगाले, ओखरबोटे, गुम्बेडाँडा वडा नं. ४ को भिरकुना, सेवासे वडा नं. २ को हिले, सिस्ने, कर्थली, बुद्धेपा चालिसे वडा नं. ९ को कुकुरगाडे, भट्टे लगायतका स्थानहरुमा रहेका बस्तीहरुको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाईका भू-गर्भविदहरुबाट अध्ययन गरिएको र सो ठाउँहरु स्थानान्तरण गर्नुपर्ने भनी उल्लेख भएका प्रतिवेदनहरु हाल सम्म पनि नगरपालिकामा प्राप्त नभएको हुँदा प्रतिवेदन उपलब्ध गराई पाउन र १ देखि ९ सम्मका वडाका बस्तीहरु बाढी तथा सुख्खा पहिरोबाट उच्च जोखिममा रहेकोले सो स्थानमा भू-गर्भविदहरुबाट अध्ययन अवलोकन गराई बस्ती स्थानान्तरण गराई पाउन बाह्रविसे नगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.नं. १७१ मिति २०७७/०४/३० गतेको पत्रबाट अनुरोध भई आएको हुँदा सो जोखिमपूर्ण बस्तीको पहिचान गरी रोकथाम वा बस्ती स्थानान्तरण के गर्न आवश्यक देखिन्छ सो को विस्तृत अध्ययन गरी आवश्यक कार्य अगाडि बढाउन पुनर्निर्माण प्राधिकरण समक्ष अनुरोध गर्ने निर्णय गरियो । साथै सो सम्बन्धी जानकारी गराई आवश्यक सहयोग गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, वागमती प्रदेश मुख्यमन्त्रीको कार्यालय, र प्रदेश विपद् व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने निर्णय भयो ।

३. जुगल गाउँपालिका वडा नं. २ लिदिको पहिरोबाट प्रभावितहरुको विस्तृत विवरण लिन नेपाल रेडक्रश सोसाईटी सिन्धुपाल्चोक शाखाबाट स्थलगत रुपमा विस्तृत सर्भेक्षण गर्ने, सर्भेक्षणको क्रममा प्रभावित क्षेत्रको स्थानीयहरुलाई मास्क वितरण गर्न १००० थान मास्क उपलब्ध गराउने निर्णय गरियो ।

प्रशासकीय अधिकृत

निवेदन/8

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८



४. पहिरो प्रभावित क्षेत्रमा सरसफाई तथा स्वास्थ्य सेवामा पहुँच बढाउन उल्लेखित दुवै क्लष्टरको बैठक बसि कार्यान्वयन गर्ने गराउने ।

५. पहिरो प्रभावित क्षेत्रमा घटनाको पहिलो र दोश्रो दिनमा निम्नानुसार सामाग्री पठाइएको जानकारी गराइयो ।

क. गोरख बक्स गण चौतारा व्यारेकमा रहेको जिल्ला विपद् व्यवस्थापन समितिको गोदामबाट:

- निलो चाइनिज पाल-४० सेट
- भाँडाबर्तन-४० सेट
- मिनि ब्ल्याङ्केट-४० सेट
- पहेंलो त्रिपाल-(१२x१५)-४० सेट
- म्याट्रेस-४० सेट
- प्लाष्टिक बाल्टिन ढकन सहित-४० गोटा
- प्लाष्टिक जग-४० गोटा
- प्लाष्टिक ग्यालिन-४० गोटा
- पन्जा-६० जोर
- अस्थायी ट्वाइलेट प्यान-२८ गोटा

ख. नेपाल रेडक्रश सोसाइटीबाट:

- लत्ताकपडा, त्रिपाल, कम्बल, भाँडासेट, प्लाष्टिक बाल्टिन, समेतको ३० सेट
- स्कटिङ प्लेट (ट्वाइलेट-२ थान)
- सोलार लालटिन-६ थान
- ४० बोरा चामल लगायत दाल, नुन, तेल, चिउरा, मसला सहितको खाद्यान्न सामाग्री

ग. टुकी संघ सुनकोशी र केएर नेपालबाट:

- दाल, चामल, नुन, बिस्कुट, चिउरा लगायत ४२ सेट खाद्यान्न सामाग्री ।

६. यस वर्षको मनसुन संगै जिल्लाको बाहविसे गा.पा., मेलम्ची न.पा., भोटेकोशी गा.पा., हेलम्बु गा.पा., ईन्द्रावती गा.पा., पाँचपोखरी थाङपाल गा.पा. र जुगल गा.पा. क्षेत्रमा बाढी र पहिरोका कारण धेरै मानिसले ज्यान गुमाउनु परेको दुखद परिस्थितिमा दिवंगत भएका प्रति हार्दिक श्रदाञ्जली तथा शोकाकुल परिवारजनहरुमा यस बैठकबाट हार्दिक संवेदना व्यक्त गरियो ।

मिति: २०७७/०४/३१

२०७७.४.३१
सुनिता पहरी
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत

निवेदन/9